म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक २९८ आइतबार २८ जेठ २०८० ने. सं. ११४३ तछलागा 11 June 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## लागूऔषधसहित स्याङ्तान पक्राउ

हेटौंडा, २७ जेठ/हेटौंडा उपमहानगरपालिका वडा नम्बर १५ शिखरपानीबाट लागूऔषधसहित एक जना पक्राउ परेका छन् । प्रहरीले स्थानीय विजयकुमार मोक्तानको घरमा डेरा गरी बस्ने मनहरी गाउँपालिका-७ घर भएका १८ वर्षीय टंकबहादुर स्याङ्तानलाई पक्राउ गरेको हो । स्याङ्तानको कोठा खानतलासी गर्दा कोठाभित्र लुकाएर राखेको अवस्थामा प्रतिबन्धित लागूऔषध स्पास्पेन १ हजार ३ सय ९० ट्याब्लेट, एनार्गन १ हजार ५ सय ट्याब्लेट, ट्रामोल ८ सय ८० ट्याब्लेट, कोफ्टएबी-डी ६ सय ५० ट्याब्लेट, अनारगना १ हजार ३ सय ५० ट्याब्लेट र गाँजा बरामद गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । स्याङ्तानलाई लागूऔषधसहित नियन्त्रणमा लिएर कारवाही प्रक्रिया अगाडि बढाइएको प्रहरीले जनाएको छ ।

गर्मीले जनजीवन अस्तव्यस्त:

## पानीका स्रोत सुक्दै, विद्यालय बिदा लम्बिदै

साझाकुरा संवाददाता

हेटौंडा, २७ जेठ/चर्को गर्मीका कारण एक साताका लागि विद्यालयको पठनपाठन बन्द गरेको हेटौंडा उपमहानगरले आइतबारदेखि थप २ दिन बिदा दिने निर्णय गरेको छ । शनिबार सूचना जारी गर्दै सोमबारसम्म विद्यालयको पठनपाठन बन्द गर्ने बताइएको छ । शुक्रबार सम्मका लागि बिदा दिएका मनहरी गाउँपालिकाले जेठ मसान्तसम्म विद्यालय बिदा दिने निर्णय गरेको छ ।

मनहरी गाउँपालिका शिक्षा प्रमुख हरिचन्द्र सापकोटाले मौसममा सुधार नआएका कारण गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीको सुझाव अनुरुप बुधबार सम्मका लागि बर्षेबिदाबाट कट्टा हुने गरी विद्यालय बन्द गर्ने सूचना जारी गरिएको जानकारी दिएका छन् । मौसममा सुधार आएको खण्डमा विद्यालयको पठनपाठन सुचारु गर्न सकिने बताइएको छ । राक्सिराङ, बकैया, मकवानपुरगढीले भने कुनै निर्णय गरेका छैनन् ।

मनहरीका केही विद्यालयले आइतबारदेखि बिहानी कक्षा सञ्चालन गर्ने निर्णय भएको सूचना जारी गरिरहेका थिए । पालिका तहबाटै जेठ मसान्तसम्म विद्यालय बन्द गर्ने निर्णय आएपछि बिहानी कक्षा चलाउने सूचनाबाट विद्यालय पछि हटेका छन् । बढ्दो गर्मीका कारण सामान्य जनजीवन अस्तव्यस्त बन्न पुगेको छ । चर्को घामले दैनिक ज्यालादारी गरेर गुजारा चलाउने



बर्ग सबैभन्दा बढी प्रभावित भएका छन् भने विद्यालयको पठनपाठन पनि ठप्प भएको छ ।

चर्को घामका कारण खेतीपाती, मजदूरी गर्नेहरुलाई समस्या भएको छ । दिउँसो अत्यधिक गर्मी हुने भएपछि बिहान र बेलुकी काम गरिएको छ । घाम र तातो हावाका कारण कतिपय काममा जान सकेका छैनन् । पानीका स्रोतहरु सुक्ने क्रम बढेको छ । पानी नभएपछि खेतबारीमा लगाइएको बाली सुक्न थालेको किसानहरुले बताएका छन् । किसानले बर्खे धानको बीउसमेत राख्न पाएका छैनन् ।

विद्यालय बिदा भएपनि बालबालिकालाई घरमा अभिभावकले निगरानी गर्न विद्यालयले आग्रह गरि रहेका छन् । तातो हावाबाट बच्न बालबालिकालाई घरबाट निस्कन नदिने, घरभित्र अर्थात् चिसो ठाउँमा बस्ने, बाहिरी वातावरणमा बढी ननिस्कन, सुतीका हल्का लुगा लगाउन, बाहिर निस्किँदा टाउको छोप्न, टोपी लगाउन, नियमित पानी तथा झोलकुराहरु, सर्बत प्रशस्त मात्रामा पिउन विज्ञले सुझाव दिइरहेका छटन् ।

मकवानपुरको तल्लो क्षेत्रका अधिकांश पानीकास्रोतहरु सुक्दा खानेपानीको समस्या भएको छ । पानीको मुलहरुमा पानी आउन छोडेको र खानेपानीको समस्या भएको भन्दै स्थानीयले सामाजिक सञ्जालमा गुनासो गरिरहेका छन् । हेटौंडा खानेपानी बोर्डले पानीको उत्पादन कम भएकोले पानी बितरणमा केही समस्या आएको बताएको छ । बोर्डका अध्यक्ष प्रताप बिष्टले शनिबार सामरीमा थप पानी उत्पादनका लागि बोरिङ मेसिन जडान गर्ने कार्य भइरहेको बताएका छन् ।

जमिनको सतहमा धारा राख्नेहरुले पानी उपभोग गरिरहेको भएपनि दुई/तीन तलाभन्दा माथि ट्याङकीमा पानी नचढेका कारण उपभोक्ताले गुनासो गरिरहेका छन् । मौसमी प्रणालीमा सुधार आएपछि पानी आपूर्तिमा पनि सुधार आउने बोर्डका अध्यक्ष बिष्टले साझाकुरलाई बताए । पानीको स्रोतमा समस्या आएपछि बोर्डको पानी आपूर्ति गर्ने प्रणालीमा पानी घटेकोले समस्या भएका नगरका केही स्थानमा बोर्डले ट्याङ्करबाट पानी आपूर्ति गर्ने सूचना जारी गरेको अध्यक्ष बिष्टले जानकारी दिए ।

नेपालमा आउँदो मंगलवारदेखि गर्मी केही कम हुने मौसमविद्ले अनुमान गरेका छन् । अरब सागरमा विकसित भएको आँधी र बङ्गालको खाडीमा विकसित न्यूनचापीय अवस्थाका कारण आउँदो मंगलवारदेखि नेपालको मौसमी प्रणालीमा बदली भइ गर्मी घट्ने सम्भावना रहेको जलवायु तथा विपदविज्ञ डा. धर्मराज उप्रेतीले जानकारी दिएका छन् । यी दुईवटा प्रणालीले मनसुनी वायुलाई उत्तर तर्फ धकेल्न सहयोग गर्ने भएकाले मंगलवार वा बुधवार मनसुन नेपालमा प्रवेश गर्ने सम्भावना देखिएको उनले बताएका छन् ।

शबिार मनसुन भारतको केरलाको सबै भागसहित कर्नाटकका केही भाग र बङ्गालको खाडीको पूर्व र उत्तरभागमा पुगेको छ । त्यहाँ आउँदो ४८ घण्टामा मनसुन थप सक्रिय हुने भारतको मौसम विभागले जनाएको छ । चाँडो सक्रिय भइरहेको मनसुनलाई अरब सागरको आँधी र बङ्गालको खाडीको न्यूनचापीय अवस्थाले चाँडो नेपालतर्फ धकेल्ने भएकाले नेपालमा गर्मी घट्ने दिन नजिकिएको जलवायुविज्ञहरुले बताएका छन् ।

तराई मधेसका जिल्लामा खपिनसक्नुको गर्मी उस्तै छ । मध्य र पश्चिम तराईका धेरैजसो ठाउँको तापक्रम ४१ डिग्री सेल्सियसभन्दा माथि पुगेको छ । तराई मधेसका जिल्लामा तातो हावा चल्ने क्रम जारी नै रहेकाले सतर्कता अपनाउन मौसम पूर्वानुमान् महाशाखाले अनुरोध गरेको छ ।

मकवानपुरमा

## साइबर अपराधका ९५ उजुरी

साझाकुरा संवाददाता

हेटौंडा, २७ जेठ/ मकवानपुरमा साइबर अपराधका घटना चालू आर्थिक वर्ष २०७९/८० को ११ महिनामा ९५ वटा दर्ता भएका छन् ।

पछिल्लो समय देशभर साइबर अपराधका घटना बढ्दा मकवानपुरमा पनि घटनाहरु वृद्धि भइरहेको देखिएको छ । बागमती प्रदेशको १० जिल्लामध्ये (उपत्यकाको तीन जिल्ला बाहेक) मकवानपुर साइबर अपराध बढी रहेको जिल्लाको दोस्रो स्थानमा छ । बागमती प्रदेशमा साइबर अपराधको घटना बढ्दै गएको पाइएको छ । बागमती प्रदेशमा प्रविधिको बढ्दो प्रयोग र सचेतना जगाउन नसक्दा साइबर अपराधका घटना बढेका छन् । बागमती प्रदेश प्रहरी कार्यालयका अनुसार चालु आर्थिक वर्षको हालसम्मको अवधिमा २ सय ८६ वटा साइबर अपराधको उजुरी दर्ता भएको छन् ।

उपत्यका बाहेकका १० जिल्लाको मात्रै तथ्यांक हेर्दा सबैभन्दा बढी उजुरी चितवनमा छ । जिल्ला प्रहरी कार्यलय चितवनमा दर्ता



भएको उजुरी संख्या १ सय ६० छ । कुल उजुरीको झण्डै ६० प्रतिशत साइबर अपराधको उजुरी चितवनमा परेको हो । साइबर अपराधको उजुरी पर्ने दोस्रो जिल्ला मकवानपुर हो । मकवानपुरमा झण्डै ११ महिनाभित्र ९५ उजुरी दर्ता भएको बागमती प्रदेश प्रहरी कार्यालय, हेटौंडाले जनाएको छ । काभ्रेपलाञ्चोकमा ८, सिन्धुलीमा ३, दोलखामा ३ र रामेछापमा ७, सिन्धुपाल्चोकमा ३, रसुवामा ३, नुवाकोटमा १, धादिङमा ३ वटा साइबर अपराध सम्बन्धी उजुरी दर्ता भएको बागमती प्रदेश प्रहरी कार्यालयको तथ्यांक छ ।

सबैभन्दा धेरै उजुरी सामाजिक सञ्जाल ह्याक भएको छ । उजुरी परेको २ सय ८६ मध्ये सामाजिक सञ्जाल ह्याक गरेको भन्ने विषयमा मात्रै १ सय ३५ उजुरी दर्ता भएको प्रदेश प्रहरी कार्यालयको तथ्यांक छ ।

यस्तै, फेक आइडी बनाएर गरिएको अपराधमा ९० वटा उजुरी दर्ता भएका छन् । यस्तै, टिकटकमार्फत साइबर अपराध गर्ने २२ जना, इन्स्टाग्राममार्फत २८ जना, ट्वीटरमार्फत २, ह्वाट्सएममार्फत २ र पिएड्रेसमार्फत ७ वटा साइबर अपराधका उजुरी परेको बागमती प्रदेश प्रहरी कार्यालयले जानकारी दिएको छ ।

## प्रदेशस्तरीय वक्तृत्वकलामा श्रेष्ठ प्रथम

साझाकुरा संवाददाता

हेटौंडा, २७ जेठ/बागमती प्रदेश युवा परिषदको आयोजनामा 'युवा र नवप्रवर्तन' शीर्षकमा भएको प्रदेशस्तरीय खुला वक्तृत्वकला प्रतियोगितामा चितवनका देवेन्द्र श्रेष्ठ प्रथम भएका छन् ।

प्रतियोगितामा मेलिशा ढुंगेल दोस्रो भएकी छन् । विबिना लामिछाने प्रतियोगितामा तेस्रो हुँदै क्रमश: ५० हजार, ३० हजार र २० हजार प्राप्त गरेका छन् । परिषदको बार्षिक स्वीकृत युवा प्रतिभा पहिचान कार्यक्रमअन्तर्गत बागमती प्रदेशका १३ जिल्लामा आयोजित कार्यक्रममा प्रथम हुन सफल प्रतिस्पर्धीहरु बीच सामाजिक विकास मन्त्रालयको हलमा कार्यक्रम आयोजन गरिएको हो । परिषदका कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाईंको सभाध्यक्षतामा भएको कार्यक्रममा सामाजिक विकासमन्त्री कुमारी मोक्तानको प्रमुख आतिथ्यता थियो ।

मन्त्री मोक्तानले युवामा नवीन सोच हुनुपर्नेमा जोड दिइन् । समाज परिवर्तन र राज्यको स्वरुप रुपान्तरणमा युवाको भूमिका जरुरी रहेको उनको भनाई छ । अब युवालाई नवप्रवर्तनसँग जोड्न सके मात्र मुलुकले सम्वृद्धिको यात्रा तय गर्ने मोक्तानले बताइन् । प्रदेश युवा परिषद् कार्यकारी उपाध्यक्ष चौलागाईले युवाले बोल्ने कलामात्र नभई व्यवहारमा पनि दखाउनु पर्ने बताए । मकवानपुर क्याम्पसका प्राध्यापक घनश्याम शर्मा, नीरा शर्मा र दीपक मिश्र निर्णायकको भूमिकामा रहेका थिए । प्रतियोगितामा सहभागीले युवा र नवप्रवर्तन बारे ७ मिनेट समयावधीमा रहेर आफ्ना भनाई राखेका थिए ।

## मेयर कपको उपाधि ११ नम्बर वडाले जित्यो




साझाकुरा संवाददाता

हेटौंडा, २७ जेठ/ तेस्रो मेयरकप फुटबल प्रतियोगिता-२०८० को उपाधि हेटौंडा-११ ले जितेको छ ।

शनिबार हेटौंडा-५ स्थित पिप्ले क्याम्पा रंगशालामा भएको फाइनल खेलमा ११ नम्बर वडाले टाइब्रेकरमा हेटौंडा-१५ लाई ४-३ गोलअन्तरले पराजित गर्दै च्याम्पियन भएको हो । निर्धारित समय गोलरहित बराबरीमा टुंगिएपछि खेलको छिनोफानो टाइब्रेकरबाट गरिएको थियो ।

प्रतियोगिताको विजेता ११ नम्बर वडाको टिमले नगद २ लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेका छ । यस्तै उपविजेता १५ नम्बर वडाको टिमले नगद १ लाख ५० हजार रुपैयाँसहित शिल्ड मेडल र प्रमाणपत्रमा चित्त बुझाएको छ । सेमिफाइनलमा प्रवेश पाइ पराजित १३ र १४ नम्बर वडाको टिमले ५०-५० हजार रुपैयाँ प्राप्त गरेको आयोजकले जनाएको छ ।

विजयी खेलाडी तथा प्रशिक्षकलाई हेटौंडाकी मेयर मिना लामाले पुरस्कार वितरण गरेकी थिइन् । हेटौंडा उपमहानगर पालिका नगर खेलकुद विकास समितिका अध्यक्ष चन्द्र शाहीको सभाध्यक्षतामा भएको कार्यक्रममा नगरका उप-प्रमुख राजेश बानियाँ, पूर्व नगर प्रमुख हरिबहादुर महतलगायतले खेलाडीहरुलाई शिल्ड मेडल र प्रमाणपत्र वितरण गरेका थिए ।

कार्यक्रममा उपमहानगरका प्रवक्ता तथा १ नं. वडा अध्यक्ष सविन न्यौपाने, मकवानपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष भेष खड्कीलगायतले फुटबल खेलको विकासमा आवश्यक लगानी गरी पूर्वाधार विकासमा जोड दिएका थिए ।

जेठ १६ गतेबाट सुरु प्रतियोगितामा हेटौंडा उपमहानगर पालिकाका १९ वटै वडाले सहभागिता जनाएका थिए । प्रतियोगिताको पहिलो र दोस्रो संस्करणको उपाधी हेटौंडा उपमहानगरपालिकाको १० नम्बर वडाले जितेको थियो ।

## थाहा नगरपालिकालाई शिक्षकको ध्यानाकर्षण

साझाकुरा संवाददाता

हेटौंडा, २७ जेठ/ जिल्लाको उत्तरी क्षेत्र थाहानगरका बालविकास केन्द्रका शिक्षकले थाहा नगरपालिका कार्यालयलाई ध्यानाकर्षण गराएका छन् ।

नेपाल बाल विकास शिक्षक थाहानगर समितिले नगरपालिकाको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा बालविकास केन्द्रका माग सम्बोधन गर्न ध्यानाकर्षण गराएका छन् । शुक्रबार थाहा नगरपालिकाको कार्यलयमा नगरप्रमुख विष्णुबहादुर विष्ट र उपप्रमुख भरत गोपालीलाई ध्यानाकर्षणपत्र बुझाउँदै पालिकाको आगामी बजेटमा आफूहरुले उठाएका मागको सम्बोधन गर्न अनुरोध गरिएको छ ।

सामुदायिक विद्यालयको पूर्वप्राथमिक तहमा अध्यापन गराउँदै आएका शिक्षकहरुको सेवासुविधामा विभेद भएको उल्लेख गर्दै १० बुँदे मागसहितको ध्यानाकर्षणपत्र दिइएको नेपाल बालविकास शिक्षक थाहानगर समितिकी अध्यक्ष दीपा बलले जानकारी दिइन् ।

ध्यानाकर्षणपत्रमा बालविकास केन्द्रका शिक्षकको तोकिएको तलबभत्ता केन्द्र सरकार बाट नै उपलब्ध गराउनपर्ने, दरवन्दी कायम गरी आधारभूत तह सरह सेवा सुबिधा उपलब्ध गराउनपर्ने, प्रक्रिया पुऱ्याई बाल विकास केन्द्रका शिक्षकलाई स्थायी गराउनपर्ने, बालविकास केन्द्रमा कार्यरत शिक्षकहरुको क्षमता विकासका लागि तालिमको व्यवस्थापन गर्नुपर्नेलगायतका मागहरु रहेको अध्यक्ष बलले जानकारी दिए ।

यसैगरी, नेपाल शिक्षक महासंघ थाहानगर समितिले थाहा नगरपालिकाको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा विभिन्न शैक्षिक सुधारको माग राख्दै सुझावपत्र बुझाएका छन् । समितिले थाहा नगरप्रमुख विष्टको कार्यकक्षमा पुगी थाहा नगरपालिकाले शैक्षिक सुधारको निम्ति गर्नुपर्ने कामहरुको सुझावसहित नगरप्रमुख र उपप्रमुखको ध्यानाकर्षण गराएको महासंघका अध्यक्ष राजाराम कार्कीले जानकारी दिए । सुझावपत्रमा थाहा नगरपालिकाको शिक्षाको गुणस्तर र शिक्षकहरुको क्षमता अभिवृद्धि र पेशागत सुरक्षा र दायित्व बोधसहित १९ बुँदे सुझाव पेश गरेका हुन् ।

## पुल बनेपछि हेटौंडा-१ र १९ का जनता खुसी

साझाकुरा संवाददाता

हेटौंडा, २७ जेठ/ मकवानपुर जिल्लाको भीमफेदी गाउँपालिका-१ सानुटारबाट हेटौंडा उपमहानगरपालिका-१ जोड्ने बेलीब्रिज (पुल) निर्माण भएपछि हेटौंडा-१ र १९ का नागरिकहरु खुसी भएका छन् ।

भीमफेदी-१ र हेटौंडा-१ जोड्ने पुलको शनिबार हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मिना कुमारी लामाले उद्घाटन गरिन् । उद्घाटन गर्दै मेयर लामाले बर्षातको समयमा किस्याडी खोला तर्न नसकेर आवातजावत गर्न कठिनाई भोग्दै आएका स्थानीयबासीलाई सहज भएको बताइन् ।

नेपाल सरकारका पूर्व स्वास्थ्य मन्त्री बिरोध खतिवडाद्वारा २० लाख, पूर्व सांसद मुनु सिग्देलद्वारा



२० लाख र हेटौंडा उपमहानगर पालिकाको ३० लाख गरी कुल ७० लाख लगानीमा पुल निर्माण सम्पन्न भएको हो ।

४८ मिटर लम्बाई, २.५ मिटर चौडाई र बगरको सतहबाट ६ मिटर उचाईमा पुल निर्माण भएको हेटौंडा १ नं. वडाका अध्यक्ष सविन न्यौपानेले जानकारी दिए । पुल उद्घाटनसँगै ना.१ ह ४१३४ नं.को अटो पुलबाट ओहोरदोहोर गरेको थियो ।

पुल निर्माण उपभोक्ता समितिका अध्यक्ष भुपाल थिङको सभाध्यक्षतामा भएको कार्यक्रममा पूर्व सांसद मुनु सिग्देल र वडा अध्यक्ष सविन न्यौपानेले जनताको माग र लगनशिलताले पुल निर्माण सम्पन्न भएको बताए । कार्यक्रममा हेटौंडा उपमहानगरपालिका कार्यपालिका सदस्य ईश्वरी रसाइली, वडा सदस्य रामकृष्ण अधिकारी, समाजसेवी मानबहादुर बल, गणेश बल, लोकबहादुर घिसिङलगायतको सहभागिता थियो ।

पुल निर्माणपछि हेटौंडा उपमहानगरपालिका वडा नं. १ को फेदीगाउँ र घट्टेखोला तथा १९ नं. वडाको ज्यामिरे क्षेत्रका जनतालाई प्रत्यक्ष फाइदा पुग्ने वडा अध्यक्ष न्यौपानेले जानकारी दिए ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

## हाम्रो कुरा

# गौरवको योजना कि हचुवाको ?

हेटौंडा-२ स्थित हेटौंडा उपमहानगरपालिकाको भवन पछाडि खाली रहेको थोरै ठाउँमा निर्माण सुरु गरिएको 'वाग्मती प्रदेश सभाहल' अलपत्र परेको छ । २०७७ कात्तिक १७ गते प्रदेशका तत्कालीन मुख्यमन्त्री डोरमणि पौडेलले शिलान्यास गरेको सभाहलको म्याद समाप्त भएर पुन: म्याद थप प्रक्रियामै रहँदासम्म पनि कुनै काम अगाडि बढ्न सकेको छैन । तीन वर्षअघि शिलान्यास गरिएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको सभाहलको भौतिक प्रगति करिव २० प्रतिशत छ । डोरमणि पौडेल पछि तीन जना मुख्यमन्त्री बनिसकेका छन् । नेपालमा सरकार परिबर्तन जति छिटो हुन्छ त्यही रफ्तारमा विकास निर्माणका काम हुने गरेको भए नेपाल कहाँ पुग्थ्यो होला ? यो अनुमान गर्नै सकिन्न । अर्को महत्वपूर्ण पक्ष भनेको सबै नेतृत्वले आफूले गरेको जुनसुकै काम होस् त्यो काम अत्यन्तै राम्रो भन्ने र जस लिन खोज्ने तर, अरुले गरेको राम्रो काम पनि बिरोध गर्ने पुरानै चलन हो । अरुले सुरु गरेको योजना जतिसुकै महत्वपूर्ण भएपनि त्यसलाई बेवास्ता गर्ने र अर्को योजना सुरु गर्ने चलन हाम्रो समाजमा गज्जवको छ ।

पूर्वमुख्यमन्त्री डोरमणि पौडेलले यो सभाहलको योजना जुन उत्साहकासाथ सुरु गरेका थिए त्यो उत्साह पौडेल पछिका मुख्यमन्त्रीले देखाएनन् किनकी त्यो योजना आफ्नै थिएन । राम्रो भएको जति सबै कामको जस लिने तर, बिग्रेको जति सबै अरुलाई दोष देखाएर पन्छिने संस्कार हामीसँग छ । यस्ता धेरै कारण छन् जसले गर्दा हाम्रा नेतृत्वमा बसेका सबैजना जनताका नजरमा गिर्दै गएका छन् । जनताको करबाट बनाउने जुनसुकै योजना अलपत्र हुँदा करदाताको मन खिन्न हुने मात्र होइन कर तिर्ने उत्साह नै मर्दै जान्छ । जनताले तिरेको करको दुरुपयोग रोक्ने कुरामा नेतृत्व तहमा खासै चासो देखिदैंन । सभाहल निर्माणका लागि तयार पारिएको प्लिन्थ लेभलको ढलान गर्न विछ्युयाइएको रडहरु खिया लागिसकेको छ भने निर्माण सामग्रीहरु असरल्ल अवस्थामा रहेका छन् । प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तरगतको सहरी विकास तथा भवन कार्यालय हेटौंडाले यो सभाहलको निर्माणको ठेक्का लगाएको थियो । निर्माण कम्पनीले २०७९ वैशाख १९ गतेसम्म निर्माण सम्पन्न गरिसक्नु पर्ने थियो । कार्यालयले कुल ५ करोड २६ लाख ८३ हजार रुपैयाँ लागतमा सभाहल निर्माणको ठेक्का निर्माण कम्पनीसँग सम्झौता गरेको थियो । चार सय जना क्षमताको सो सभाहल निर्माणका लागि घटाघट विधिअनुसार संरक्षण निर्माण सेवा/शेभ इन्जिनियरिङ कन्स्ट्रक्सन जेभीले ठेक्का सम्झौता गरेको थियो । ठेक्का सम्झौताको तीन वर्ष वितिसक्दा समेत सभाहलको प्लिन्थ लेभलको काम पनि सम्पन्न हुन सकेको छैन । तीन वर्षको अवधिमा सभाहलको २० प्रतिशत मात्र भौतिक प्रगति भएको भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गतका भवन तथा सहरी विकास कार्यालयले जानकारी दिएको छ । निर्माण कम्पनीले निर्माण सामग्रीहरु असरल्ल पारेर बेपत्ता भएको भन्ने आरोप छ । त्यो भन्दा पनि महत्वपूर्ण बिषय उपमहानगरको जमीनको भूस्वामित्वको पनि देखिएको छ ।

उपमहानगरपालिकाको स्वामित्वमा रहने गरी सुरु गरिएको सभाहलको निर्माण पश्चात सो सभाहलको सम्पूर्ण व्यवस्थापन हेटौंडा उपमहानगर पालिकामा रहने गरी कुनै संस्थागत निर्णय नगरी पत्राचारको भरमा निर्माण गर्न दिएको बताइएको छ । खाली देखिएको जमिनमा हचुवाको भरमा सभाहल निर्माण गर्ने प्रदेश सरकारका लागि गलत निर्णय थियो कि ? बिगतमा हेटौंडा नगरपालिकाको खाली जमिनमा कतिपय आमसभा, सांस्कृतिक कार्यक्रम हुने गरेको थियो । प्रदेश सरकारले नगरपालिकाको खाली जग्गामा सभाहल बनाउने निर्णय गर्नु नै गलत रहेको स्थानीयको भनाई छ । प्रदेश सरकारका लागि सभाहल अत्यन्तै जरुरी थियो तर, हचुवाको भरमा लगानी गर्दाको परिणाम देखिएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० जेष्ठ २९ गते सोमबार १२ जुन २०२३ । नवमी, जेष्ठ शुक्लपक्ष । तछलागा ११४३ ने.सं. । सूर्योदय ५:९, सूर्यास्त ६:५७ । बालश्रमविरुद्धको दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : पढाइमा सहयोग मिल्नेछ | तुला | : शरीरमा बाधा पुग्न सक्नेछ |
| वृष | : रिसाउने बानीले हानि पुग्नेछ | वृश्चिक | : मन पर्ने उपहार पाइने योग छ |
| मिथुन | : सामाजिक काममा रुचि बढ्नेछ | धनु | : प्रतिष्ठित काम गर्ने मौका छ |
| कर्कट | : यात्रामा कष्ट मिल्नेछ | मकर | : आत्म-विश्वास बढ्नेछ |
| सिंह | : त्रासमय दिन हुनेछ | कुम्भ | : विशिष्ट व्यक्तिसँग भेटघाट हुनेछ |
| कन्या | : खानपिन राम्रो हुनेछ | मीन | : पारिवारिक जमघट हुनेछ |

# भारत र चीनले हाम्रा बालहठ किन पूरा गर्ने ?



त्रैलोक्य अर्याल



हाम्रो ठूलो समस्या भनेको हामी जनताले नेता तथा विश्लेषकलाई कडा प्रश्नहरु गर्नै छाडिसक्यौं । त्यसैले परराष्ट्र सम्बन्धको विश्लेषणहरु प्राय:जसो एकैखाले हुने गरेका छन् । जस्तै: नेपाल भूराजनैतिक महत्व बोकेको मुलुक हो, नेपाल चीन र भारत जोड्ने पुल हो, नेपालले दुवै छिमेकी र अमेरिकासित सन्तुलित सम्बन्ध राख्नुपर्छ, नेपालले दुवै छिमेकीसँग फाइदा उठाउनुपर्छ र नेपाल चीनको भौगोलिक अखण्डताको लागि महत्वपूर्ण छ ।

हामी यस्तै खाले विश्लेषण सुन्न, पढ्न मन पराउँछौं, हो ठीक कुरा गर्‍यो भन्छौं, हाम्रो भूराजनैतिक अवस्थामा गर्व गर्छौं । अनि भारत र चीन जोड्ने पुल बनेर समृद्ध भएको मिठो सपना देख्छौं । सायद कटु यथार्थ स्वीकार्ने हिम्मत नभएर हो वा विश्लेषक र नेताहरुको वाक्य वेदवाक्य मानेर हो हामी कठोर तर आवश्यक प्रश्नहरु सोध्दै सोध्दैनौं ।

तर अब यी स्थापित भाष्यहरुको निर्मम विश्लेषण वा चिरफार गरेर नेता तथा विश्लेषकलाई कठोर प्रश्नहरु सोध्न जरुरी छ । त्यो गरे मात्र नयाँ शिराबाट बहस गर्दै हाम्रो पर राष्ट्र सम्बन्धमा देखिएका अन्योल र समस्याको समाधान पाउन सकिन्छ ।

सुरु गरौं धेरै सुनिने, पढिने नेपालको भूराजनैतिक महत्वबाट । के नेपाल साँच्चै नै भूराजनैतिक रुपले महत्वपूर्ण मुलुक हो त ? उहिले लडाकु विमान र क्षेप्यस्त्रहरु नहुँदा नेपालको भूराजनैतिक महत्व थियो होला तर अहिले के कति कारणले नेपाल भूराजनैतिक रुपमा महत्वपूर्ण छ त ?

यदि नेपाल हामीले सोचेको जस्तो वा हामीलाई बताइएको जस्तो महत्वपूर्ण हुन्थ्यो भने त यहाँ नेपाल र शक्तिराष्ट्रहरू बीच बाक्लै उच्चस्तरीय भ्रमणहरु हुन्थ्यो होला । नेपालमा भारत, चीन, अमेरिका, जापान आदिबाट वैदेशिक लगानी र सामरिक हतियार आउँथ्यो होला । तर यी सबै भएको छ त ? के आजको युगमा भारत र चीन बीच हुनु नै भूराजनैतिक रुपले महत्वपूर्ण हुनु हो त ?

अर्को भाष्यले हामीलाई चीन र भारत जोड्ने पुलको रुपमा दर्साउँछ । तर यो भाष्यको सबैभन्दा ठूलो समस्या भनेको चीन र भारतलाई नेपालभन्दा सहज रुपले जोड्ने मुलुक म्यान्मार छ है भन्ने कुरा चटक्कै बिर्सिन्छ वा उठाउनै चाहँदैन । दोस्रो विश्वयुद्धताका नै चीनमा चियांग काइशेक सरकारलाई जापान विरुद्धको लडाइँमा हतियार सहयोग गर्न चीनको युनानदेखि म्यान्मारहुँदै भारतको आसामसम्म बाटो स्टिलवेल रोड बनाइएको थियो । अहिले पनि यदाकदा यो सडकलाई फेरि संचालनमा ल्याउने कुरा उठिनै रहेको छ । चीनले विगतमा प्रस्ताव गरेको बंगलादेश, चीन, भारत, म्यानमार कोरिडोर (बीसीआईएम) यही स्टिलवेल रोडको नयाँ परिष्कृत रुपमा लिन सकिन्छ ।

यो कोरिडोर सुचारु भएमा यसले विकासको हिसाबले पछाडि परेको चीनको दक्षिण पश्चिम प्रान्तहरुलाई दक्षिणएसियाको ठूलो बजार सँग जोडेर त्यहाँको विकासमा महत्वपूर्ण भूमिका खेल्ने निश्चित छ र चीनलाई हिन्द महासागर सम्म पहुँच दिन्छ । म्यान्मारलाई पनि चार देशीय सडक संजालमा जोडिंदा फाइदै छ । उसको चीनसँगको सीमावर्ती इलाकामा रहेका विद्रोही समूहहरुको समस्या पनि समाधान हुने, विकास पनि हुने । भारतलाई पनि आफ्नो उत्तरपूर्वी राज्यहरुको विकास र त्यहाँ रहेका विद्रोही समूहको समस्या नियन्त्रण गर्न सजिलो हुन्छ । हो यो कोरिडोरको केही भाग भारत र चीनबीच विवादित अरुणाचल प्रदेशमा पर्छ तर हाल देखिएको भारत र चीन विवाद सधैं रहिरहन्छ भन्ने पनि छैन । फेरि व्यापार प्रवर्धन र सम्बन्ध सहज बनाउन चीनले सिक्किम भारतको भूभाग मानेर-भनेर नाथुला पासबाट व्यापार गरेकै हो । त्यसैले चीनले अरबौं डलर खर्च गरेर नेपालमा रेल किन ल्याउने ?

अब कुरा 'सन्तुलित सम्बन्ध' बारे । यो सुनेको र पढेको पनि दशकौं भयो सायद यो सुन्दासुन्दा कतिको कान पाकिसक्यो र पढ्दा-पढ्दा कतिको आँखा दुखिसक्यो । तर सन्तुलित सम्बन्धको वकालत गर्नेहरुबाट त्यो चमत्कारी सन्तुलन चाहिं कसरी गर्ने भन्ने चाहिं अहिलेसम्म सुनेको छैन ।

नेपाल जस्तो गरिब र कमजोर मुलुकले यी एकआपसमा परस्पर विरोधी विचार धारा र सामरिक नीति बोकेका मुलुकहरुसित कसरी सन्तुलित सम्बन्ध राख्न सक्छ ?

के नेपाल स्विट्जरल्यान्ड जस्तो सम्पन्न र आफ्नो राष्ट्रिय सुरक्षा प्रति कटिबद्ध छ ? संसारका हामीभन्दा ठूला, शक्तिशाली र धनी मुलुकहरुले नै अहिलेसम्म गर्न नसकेको वा नजानेको 'सन्तुलन' हामीले कसरी गर्ने? अन्य देशहरुको उदाहरण हेर्ने हो भने पनि सन्तुलित परराष्ट्र नीति कसैको नि छैन । सबै एक न एक शक्तिराष्ट्रतिर ढल्केका छन्- चाहे बजारको लागि होस् वा सुरक्षाको लागि । सन्तुलित सम्बन्ध राख्न सामर्थ्य, आर्थिक तथा सैन्य चाहिन्छ, जुन दुर्भाग्यवश हामीसँग दुवै छैन ।

अर्को हामीले सधैं सुन्दै र पढ्दै आएको कुरो हो- नेपालले छिमेकीहरूको विकासबाट फाइदा उठाउनुपर्छ । यो कुरा यसरी भनिन्छ कि मानौं हाम्रा दुवै छिमेकीहरु हामीलाई फाइदा दिन तत्पर छन् तर हाम्रै नेताहरुको कमी-कमजोरीका कारण हामीले फाइदा लिन सकेका छैनौं । यो भाष्यको सबैभन्दा ठूलो समस्या नै हाम्रा छिमेकीहरू सारै उदार तर हामी नै माग्न वा लिन नजान्ने भन्ने हो ।

हाम्रा छिमेकीहरुले हामीलाई किन फाइदा उठाउन दिने त ? त्यो फाइदाको बदला उनीहरुले आफ्नो फाइदा खोज्छन् कि खोज्दैनन्? चीनले सोभियत संघ विरोधी खेमामा आफूलाई अमेरिकासँगै उभ्याएकोले नै चीनमा अमेरिकी लगानी र अमेरिकी बजार चीनको लागि खोलियो । सिंगापुरले पनि कम्युनिस्टको विरोध गर्दै अमेरिकासँग आफूलाई उभ्याएर अमेरिकी लगानी र बजार सुनिश्चित गरेको गरेकै हो । सबै देशलाई विकासको लागि एउटा भरपर्दो साझेदार नभई हुँदैन, र त्यो 'भरपर्दो साझेदार' को हित सुनिश्चित नगरी उसले आफ्नो लगानी पनि गर्दैन, बजार पनि दिंदैन । हाम्रो असंलग्नताको रट पनि लगाउने, अनि ठूलै फाइदा पनि खोज्ने- यो त चिची पनि पापा पनि भएन र ? हाम्रा छिमेकीहरुले हाम्रो बालहठ किन पूरा गर्ने ?

अर्को प्रचलित भाष्य हो नेपाल चीनको भौगोलिक अखण्डताको रक्षाको लागि महत्वपूर्ण छ । अब १६ ट्रिलियन डलरको अर्थतन्त्र र विश्वकै शक्तिशालीमध्ये एक सेना भएको मुलुकको भौगोलिक अखण्डताको हामी जस्तो संसारकै गरिब र कमजोर मुलुकले जिम्मा लिने ? यो त हुटिट्याउँले आकाश थाम्ने भनेको जस्तो भएन र ?

उट्पट्याङ कुरा धेरै भयो, अब सोचौं र प्रश्न गरौं ।

*(साभार: अनलाइनखबर)*

# रङ्गशाला एक उपयोगिता अनेक

डा. राधिका बुढ्थापा

अगस्ट ०६, २०२२ को बिहान, हामी अमेरिकाको कोलोराडो राज्यको डेन्भर सहरको पश्चिम दक्षिणतिर रहेको रेडरक्स् रङ्गशाला (रेडरक्स् एम्फिथिएटर) घुमघामका लागि हिँड्यौं । अमेरिकाका चिल्ला सडकमा बिनाबाधा दौडिरहेका गाडीसँग प्रतिस्पर्धा गर्दै हामी पनि एक घन्टामा त्यहाँ पुग्यौं ।

यो ठाउँ पुग्नुअघि ठुलो ढुङ्गालाई झ्यालको आकारमा काटेर गाडीहरू हिँड्ने बाटो बनाइएको रहेछ, त्यही बाटो भएर हामी पनि अगाडि बढ्यौं ।

दुलहीको घर पुग्न लागेका जन्तीको लस्करजस्तै मन्द गतिमा बाटोभरि गाडीहरू एकापसमा प्रतिस्पर्धा गर्दै गुडिरहेका थिए । खण्डखण्डमा रहेका पार्किङ स्थल सबै भरिभराउ थिए । आ-आफ्नो गाडी उचित ठाउँमा पार्किङ गर्ने स्थलको खोजीमा सबै चालक चारैतिर आँखा दौडाइरहेका थिए । कोही त्यहाँको दृश्यावलोकन गरेर फर्कन्छन् र पार्किङ गरेर राखेको गाडी निकाल्छन् कि भनेर हामीले पनि त्यही लस्करमा कहिले तलको पार्किङस्थल त कहिले माथिको चहार्दाचहार्दै बल्लतल्ल हामीले आफ्नो गाडी राख्ने ठाउँ पायौं ।

दिउँसोको १० बजेतिर गाडी छाडेर अगाडि बढेपछि बाटोको छेउमै राता रङका दुईवटा ठुला ढुङ्गा भेटिएका थिए । यी ढुङ्गा, मानौं मान्यजनलाई स्वागत गर्न सोह्र शृङ्गारले सजिई हातमा फूलको माला लिएर बाटोमा बसेका कुमारीजस्ता लाग्थे ।

घडीको सुईसँगै नपत्याउँदो तरिकाले डेन्भरको गर्मी पनि बढ्दै थियो । ती दुई ढुङ्गाको बीचमा मानिस हिँड्ने फराकिलो चिप्लो बाटो बनाइएको थियो । बाटोको माथिल्लो भागमा पर्यटक सूचना केन्द्र र शौचालय थियो भने तल्लो भागमा दायाँबायाँ हिँड्ने सिँढी छोडेर बाँकी भागमा स्टिलको छेकबार लगाइएको रहेछ ।

हामी यही छेकबारमा पुगेर हेर्दा सिधा अगाडि केही टाढा डेन्भर सहरको बिच भाग, चिप्ला बाटाहरू र मानवनिर्मित पोखरीहरू देखिँदा रहेछन् । हामी उभिएको छेकबारको तल एउटा ठुलो रङ्गशाला रहेछ । गन्दै जाँदा यो रङ्गशालाका ७९ वटा सिँढी रहेछन्, एकदम फराकिला ।

मानिस बस्ने ठाउँमा काठ र बाँकी पछाडिको भाग सिमेन्टले बनेका रहेछन् । रङ्गशालाको मञ्चको मुखबाट पनि भित्र जाने बाटो बनाइएको रहेछ । मञ्चको अगाडिपट्टिको होँचो भागमा केही वाद्यवादक सङ्गीतका विभिन्न सामग्री मिलाइरहेका थिए । यसबाट साँझ कुनै ठूलै सांस्कृतिक कार्यक्रम हुने छनक मिल्थ्यो ।

अहिले हाम्रा परिवारका सबैजना यस सङ्गीतमय दृश्यबाट आफ्नो ध्यान मोडेर रेडरक्स् एम्फिथिएटर हेर्दै थियौं । आकाशमा कतै एक टुक्रा बादल थिएन । स्वतन्त्र रूपमा घामको किरणले यस धर्तीमा आफ्नो पूरै स्वामित्व फैलाएको थियो । बढ्दो दिनसँगै हाम्रो शरीरले पनि अत्यधिक गर्मी महसुस गरिरहेको थियो ।

त्यो ठाडो सिँढीमा कोही बसिरहेका थिए, कोही तलदेखि माथि उल्टो हिँडिरहेका थिए, कोही माथिदेखि तल गरिरहेका थिए । कोही रमाइलोका लागि गरेको जस्तो देखिन्थ्यो भने कोही शारीरिक व्यायामका लागि त कोही आफ्नो क्षमता प्रदर्शन गर्नका लागि त्यस्तो गरेको आभास हुन्थ्यो । कोही आफूले पालेको कुकुरसँग तल-माथि गरिरहेका देखिन्थे ।

हामीले हेर्दाहेर्दै एउटा मात्र खुट्टा भएकी एउटा अधबैंसे महिलाले बैसाखी टेकेर सबै (७९ वटा) सिँढी सजिलै चढिन् । यस्ता क्रियाकलाप गर्नेहरूमा वृद्धवृद्धादेखि बालकसम्म सामेल थिए । हामी पनि यी सबै चर्तिकला हेरेर दङ्ग थियौं । यिनै व्यायामकर्ताका बीचमा तलबाट व्यायाम गर्ने पहिरनमा हातमा पन्जा लगाएर टाउको तल खुट्टामाथि गरेर चार हात खुट्टा टेकेर एकजना करिब २०-२२ वर्षकी महिला माथितिर आउँदै थिइन् ।

हामी मात्र होइन, त्यहाँ जम्मा भएका सबैले उनको यो व्यायामलाई एक टकले हेरिरहेका थियौं । अन्तत्वगत्वा उनले ती सबै सिँढी त्यसरी नै कटाएर माथि हामी बसेको नजिक आइपुगिन् । तिनलाई हेरिरहेका सबैले जोरजोरले ताली पिटे । ती महिलाको ताकत र साहस देखेर हामी एकछिन त टोलायौं । एकछिनपछि हामीले पनि ताली पिटेर यसमा सक्दो साथ दियौं ।

यसै बीचमा एक्कासि हामीसँगै उभिएका हातमा कुकुरलाई बाँधेको डोरी लिएका एकजना पुरुषले कुकुरसहित ठुलो आवाज निकालेर माथिबाट तल उल्टो हाम फाल्न थाले । एकछिन त त्यहाँ भएका हामी सबै त्रसित भयौं, उनी अब कतिखेर डङङ्ग लड्छन् र टाउको फुट्छ भन्ने डरले, तर केही मिनेटमै उनले ती सबै सिँढी सजिलै पार गरे ।

त्यहाँ देखिएका क्रियाकलाप खेल देखाउन गरिएको होइन । सबै आ-आफ्नो सुरमा थिए । हामीलाई पनि त्यो टन्टलापुर घाममा कमसे कम सिँढी त उक्लने प्रयास गरौं भन्ने लाग्यो र मानिस हिँड्ने बाटोबाट तल झरेर हामी दुई बुढाबुढी पनि अरुहरूसँगै सिँढी उक्लियौं । धन्न बिना विश्राम माथि त पुगियो तर सजिलो थिएन ।

यो ठाउँ खासगरी संसारका धेरै ख्यातिप्राप्त सङ्गीतकार र गायकले बेलाबखत आफ्नो कार्यक्रम प्रस्तुत गर्ने, त्यहाँका डाँडाकाँडामा पदयात्रा गर्ने, पुराना अवशेषको संकलन गर्ने, योगा सिकाउने, सिँढीहरूमा व्यायाम गर्ने र पर्यटन सूचना केन्द्र आदिका कारणले अत्यन्त प्रसिद्ध रहेछ । यहाँको यस थिएटरमा कार्यक्रम प्रस्तुत गर्न अत्यन्त महँगो पनि भएकाले सानोतिनो पुँजी भएका गरिब देशका कलाकारका लागि करिब असम्भव रहेछ ।

पर्यटन सूचना केन्द्रको तल्लो तलामा त्यो रङ्गशालाका बारेमा आद्योपान्त लेखिएको रहेछ । त्यहाँ लेखिएको इतिहास अनुसार यो थिएटर अर्थात् यो रङ्गशाला सन् १९०६ मा बनेको रहेछ । खुला आकाशमुनिको यस रङ्गशालामा एकैपटक नौ हजार पाँच सय ४५ दर्शक अटाउँदा रहेछन् । सन् १९०६ भन्दा अगाडि यो ठाउँ एउटा उराठलाग्दो ठुल्ठुला चट्टान र रुखा डाँडा भएको बिरानो पाखो रहेछ । रङ्गशाला स्थापना भएदेखि आजसम्म सांस्कृतिक कार्यक्रम (कन्सर्ट) प्रस्तुत गर्नेहरू सबैको फोटो र नाम लस्करै भित्तामा लेखेर राखिएको थियो ।

विश्वप्रशिद्ध कति कलाकारहरूले आफ्ना वाद्यवादनहरूमा आफ्नो हस्ताक्षर गरेर मायाको चिनोस्वरूप त्यहाँ उपहार पनि दिएका रहेछन् । ती वाद्यवादन पनि अत्यन्त सुन्दर तरिकाले फ्रेममा सजाइएर राखिएका थिए । ती कार्यक्रमको महँगा टिकट किन्ने व्यक्ति तथा संस्थाका नामका सूचीहरू पनि पूरै जतनका साथ भित्तामा लस्करै टाँगिएका रहेछन् ।

यस रङ्गशालाको सन् १९०६ अगाडिको अर्थात् निर्माण पूर्वको केही न केहीको उराठलाग्दो ढिस्कोको फोटो, आजको यहाँको भव्य अवस्था र उता आफ्नो देशमा विद्यमान सयौं सुन्दर स्थान दिनानुदिन उराठलाग्दा बन्दै गएको सम्झिँदा हामी सबैको मन एक्कासि विरक्तियो । मान्छेको मन यति उदेकलाग्दो र छिटो छ कि आफू संसारको जुन कुनामा गए पनि पैसा खर्च गर्नुपर्दा आफ्नो देशको पैसाको मूल्य र कुनै पर्यटकीयस्थल घुम्न जाँदा आफ्नो देशमा भएका यस्तै ठाउँको दुरवस्थासँग तुलना गर्न मन लागिहाल्छ ।

मैले यो उमेरसम्म यस्ता रुखासुखा डाँडा मात्र होइन कैयौं अत्यन्त सुन्दर ठाउँ देख्ने अवसर पाएकी छु । हामी मान्छेको विध्वंशकारी सोच र फितलो सरकारी व्यवस्थाका कारण प्रकृतिले रचेका ती सबै सुन्दर बनोटहरू द्रूतगतिमा सिद्धिँदै गएका छन्, भत्किँदै गएका छन् । कति ठाउँको त इतिहास मात्र बाँकी छ भने कति ठाउँको यही इतिहास समेत क्रमश: मेटिन थालिसक्यो भन्दा अत्युक्ति नहोला ।

किन हाम्रो देश पनि यस्तो भव्य बन्न सकेन त ? कसरी त्यस्तो उराठ भूमि यहाँ यस्तो मनोरम बन्न पुग्यो, कि हाम्रा हरिया जङ्गल उजाड बन्न थाले ? पक्कै पनि डेन्भरको यो रङ्गशाला बनाउने योजना कुनै राजनीतिक पार्टी र पार्टीका नेताको स्वार्थले बनेन होला । सर्वप्रथम उपयुक्त ठाउँको छनोट भयो होला, 'हाम्रो' होइन 'राम्रो' इन्जिनिएरको छनोट भयो होला । कमिसन घरमा बुझाउने होइन राम्रो काम गर्ने ठेकेदारले ठेक्काको काम पायो होला । काम एक वर्षमा नसकिए अर्को वर्षको बजेट बनाउने नेता फरक आएमा यो म अथवा मेरो गुटको वा मेरो पार्टीले बनाएको योजना होइन, त्यसैले यसलाई बजेट दिन हुन्न भनेनन् होला ।

यो क्षेत्रका जनताको नाममा विभिन्न राजनीतिक पार्टीका कार्यकर्ताले काममा बाधा पुर्‍याउने र चन्दा माग्ने गरेनन् होला । नेताले पनि यस्ता बाधा अड्चन खडा गर्ने कार्यकर्ताको संरक्षण गरेनन् होला । सबै पार्टीका कार्यकताले मिलेर बजेट बाँडेर खाएनन् होला । त्यहाँ खटिएका कर्मचारीले मेरो जागिर सुरक्षित छ, तलब उसै पनि पाकिहाल्छ, त्यसै पनि पाकिहाल्छ, आफ्नो जिम्माको काम किन गर्ने, बरु यो काम गर्नुभन्दा आफ्नो व्यक्तिगत काम वा नेताको चाकडीमा समय बिताएनन् होला ।

यहाँका स्थानीय नेताले आफू सिन्को नभाँच्ने तर भाषणमा आकाशका तारा झार्ने काम पक्कै गरेनन् होला । त्यसैले त त्यस्तो बन्जर स्थान यति धेरै रमणीय छ, एकै दिनमा हजारौं पर्यटकको ओइरो लागेको छ, प्रकृति आफैंले उपहारस्वरूप हामीलाई दिएका रमणीय ठाउँ कतै हिलाम्मे बाटोका रूपमा त कतै घडेरीका रूपमा दिन दुना त रात चौगुनाका दरले बिग्रँदै गएका छन्, भत्कँदै गएका छन् । मनमा हुँडलिएका यस्तै यस्तै अनेकौं सोचमा केहीबेर एक्लै त्यही पेटीमा ओहोरदोहोर गरिरहें ।

केहीबेरको मानसिक तनाव झेलेपछि घरपरिवारसँग तल ओर्लेर गार्डेन अफ द गड्स, ब्यालेन्स रक, ग्रे रक, किहोल विन्डो, किसिङ क्यामेल, स्लिपिङ जायन्ट आदि हेर्दाहेर्दै साँझ परिसकेको थियो । *(साभार: रातोपाटी*


# 'लम्पी स्किन'को महामारी ७४ जिल्लामा फैलियो, ४ महिनामा मरे साढे ९ हजार पशु

काठमाडौं/घरपालुवा पशुको ज्यानै लिने जटिल प्रकृतिको सरुवा रोग 'लम्पी स्किन'ले महामारीको रुप लिएको छ । नेपालमा पहिलो संक्रमण देखिएको झण्डै तीन वर्षको अवधिमा ७४ जिल्लामा यस्तो रोग फैलिएको सरकारी तथ्याङ्कले देखाएको छ ।

पछिल्ला केही महिनामा यसले महामारीको रुप ग्रहण गरेको पशु सेवा विभागले जनाएको छ । विभागकाअनुसार धादिङ, मनाङ, मुस्ताङबाहेक देशैभरका ७४ जिल्लामा यो रोग फैलिएको पुष्टि भएको छ । बिहीबार साँझसम्म देशभरका ५ लाख गाई, भैंसी, गोरु, राँगो र बाच्छाबाच्छीमा यस्तो संक्रमण देखिएको छ । संक्रमणबाट ९ हजार ७ सय गाई, भैंसी र बाच्छा-बाच्छी मरेको विभागका सूचना अधिकारी एवम् वरिष्ठ पशुरोग विशेषज्ञ डा.चन्द्र ढकालले जानकारी दिए ।

'लम्पी स्किनका कारण ५ लाख बढी पशुहरु संक्रमित भएको र ९ हजार ७ सयको मृत्युको विवरण प्राप्त भएको छ,' ढकालले भने, 'गत फागुनदेखि यो महामारीको रुपमा देशैभर फैलियो । अझै फैलिरहेको विवरणहरु आएका छन् ।'

विभागका अनुसार नेपालमा गाई, भैंसी, बाच्छा-बाच्छी, गोरु, पाडा-पाडीमा यो रोग देखिएको छ । सुत्केरी अवस्थामा रहेका पशु, रोगी एवम् बिरामी पशु र धेरै दूध दिने पशुहरुमा भएको संक्रमणले ज्यान लिएको विभागले जनाएको छ । भारत, बंगलादेश, भियातनाम र चीनमा देखिएको यो रोग २०७७ असारमा मोरङको सुन्दर हरैजा-११ मा पहिलोपटक देखिएको थियो ।




सो बेला करिब ३ हजार पशु लम्पी स्किनबाट संक्रमित भएकामा त्यसयता नेपालका सबै भू-भागमा रोग फैलिएको विभागले जनाएको छ ।

नेपालमा पहिलो संकम्रण देखिएको झण्डै ३५ महिनामा अहिले महामारीको रुपमा संक्रमण फैलिएको विभागले जनाएको छ । रोगको मृत्यु दर करिब एक प्रतिशत हाराहारी रहेको विभागले जनाएको छ । यो रोग घरपालुवा पशुबाट जंगली पशुमा सरेको भए पनि अहिलेसम्म मानिसमा सरेको कुनै प्रमाण नभएको विभागले जनाएको छ ।

**रोगका लक्षण**

विभागका अनुसार यस्ता रोगको संक्रमण लागेका पशुहरुलाई उच्च ज्वरो आउने, नलिका ग्रन्थ सुनिने, शरीरमा गिर्खा र डल्लाहरु आउने हुन्छ । यस्तो खटिराहरु नाक मुख, शरीर, घाँटी र थुनमा धेरै आउँछ । घाउहरु बिस्तारै दुख्दै जाने, घाउ पाक्ने, अल्सर हुने हुन्छ ।

यस्तो संक्रमणका कारण दूध उत्पादन घट्ने र संक्रमित पशुको मृत्यु नै हुने विभागले जनाएको छ । नेपालमा लम्पी स्किनका कारण मृत्यु हुनेमा सुत्केरी पशु, बाच्छा-बाच्छी र पाडापाडीहरु पीडित भएको विभागले जनाएको छ ।

**कसरी फैलिन्छ ?**

यो रोग रगत चुस्ने किरा प्रजातिबाट एक पशुबाट अर्को पशुमा सर्ने गरेको विभागको भनाइ छ । लामखुट्टे, भुसुना, किर्ना, रगत चुस्ने झिंगाबाट अहिलेसम्म यो रोग फैलिएको पाइएको डा. ढकाल बताउँछन् । यो रोगलाई सीमाविहीन पशुरोग भनिने उनी बताउँछन् ।

दूध र प्राकृतिक सम्पर्क, सुई, रोगी पशुलाई टोकेको लामखुट्टेले अर्को स्वस्थ पशुलाई टोक्दा, रोगी र स्वस्थ पशु एक अर्कामा सम्पर्कमा आउँदा, रोगी ठाउँबाट मानिसले भाइरस बोकेर स्वस्थ पशु भएको ठाउँमा पुग्दा पनि रोग फैलिन सक्ने विभागले जनाएको छ । घर तथा समुदायका पशुमा यस्तो रोग देखिएमा तत्काल प्राथमिक उपचार थाल्न र नजिकको पशु स्वास्थ्यकर्मीहरुको सल्लाहमा पुग्न विभागले किसानहरुलाई आग्रह गरेको छ ।

रोग संक्रमण देखिहालेमा तत्काल ज्वारो कम गर्ने सिटामोल प्रयोग गर्न, बिरामी पशु र स्वस्थ पशु फरक-फरक राख्न, घाउहरु तत्काल सफा गर्न र स्वास्थ्यकर्मीको सहायता लिन विभागले भनेको छ । साथै बिरामी पशुलाई नरम खाना र भिटामिनको मात्रा बढाएर रोग प्रतिरोधी क्षमता विकास गर्न पनि विभागले सुझाएको छ ।

**रोग नियन्त्रणमा सरकारी निकाय अलमल**

लम्पी स्किन महामारीले सिंगो मुलुक आक्रान्त हुँदा यसको नियन्त्रणका लागि काम गर्नुपर्ने सरकारी निकाय भने निकै कमजोर देखिएका छन् । संघीय संरचनाका कारण स्थानीय तह, प्रदेश र संघको सरकारबीच कृषिको सूचना आदान प्रदानदेखि सबै खाले सहकार्य टुटेका कारण महामारी नियन्त्रणमा एकीकृत पहल हुन नसकेको पशु सेवा विभागले जनाएको छ ।

प्रदेश र स्थानीय तहमा यस्ता महामारी न्यूनीकरणका लागि बजेट र अन्य स्रोत पहिल्यै जाने र ती निकायहरु संघका मन्त्रालय र विभागसँग उत्तरदारी हुनु नपर्ने कारण ठूलो समस्या देखिएको विभागले जनाएको छ ।

स्थानीय तहमा बजेट हुने तर त्यहाँ रोगको गाम्भीर्यता र जटिलता बुझ्ने जनशक्ति नहुने कारणले लम्पी स्किन महामारी फैलिएको पनि विभागको आरोप छ । रोग फैलिएको सार्वजनिक गुनासोपछि बल्ल विभागले डेडिकेटेड रुपमा रोगको फैलावटको विवरण लिएको र उपचार र रोकथामका उपायबारे सहकार्य गरिरहेको ढकालले बताए ।

विभागले रोग नियन्त्रणका लागि सबै स्थानीय तहहरुलाई भर्चुअल मिटिङ गरेर नमूना संकलन, रोग निदान र उपचारका लागि प्राविधिक सहयोगका लागि उपचार गाइडलाइन सूचना जारी गरिरहेको विभागले जनाएको छ ।

रोग नियन्त्रणका लागि थप काम गर्न विभागसँग बजेट नभएको पनि ढकालले बताए । खोपलगायतका औषधोपचारका लागि स्थानीय तह र निजी पशु औषधालयहरुलाई सहजीकरण गरिरहेको विभागले जनाएको छ । धेरै रोग देखिएको ३ सय ४६ वटा पालिकालाई पशु चिकित्सक नै करारमा राख्ने गरी आर्थिक स्रोत जुटाउन पहल गरेको विभागले जनाएको छ ।

(स्रोत: अनलाइनखबर)

# 'कामिनो'को मेक्सिको र ब्राजिल 'च्याप्टर क्लोज'

काठमाडौं/दीपल वलीको निर्देशनमा बन्न लागेको फिल्म 'कामिनो' स्टारकास्टका कारण चर्चामा छ । फिल्ममा प्रदीप खड्का, नीति शाह, वर्षा सिवाकोटी, राजबल्लभ कोइराला मुख्य भूमिकामा देखिँदैछन् । सौगात मल्ल पनि फिल्ममा अनुबन्ध छन् । तर, उनको अर्को फिल्मसँग सेड्युल जुध्ने भएपछि 'कामिनो'मा नहुने सम्भावना प्रवल छ । यद्यपि, उनको सेड्युल मिलाउने प्रयासमा निर्माण टिम छ ।

प्रि-प्रोडक्सनमा लामो समय लागेको यो फिल्मको आगामी असारको मध्यबाट छायांकन सुरु हुँदैछ । जंगल तथा समुन्द्री क्षेत्र चाहिने भएकाले फिल्मलाई नेपालसँगै मेक्सिको र ब्राजिलमा छायांकन गर्ने तयारी गरिएको थियो । तर, अब नेपाल र फिलिपिन्समा मात्र छायांकन हुने भएको छ । भिसाको समस्याले गर्दा मेक्सिको र ब्राजिलको 'च्याप्टर क्लोज' गरिएको निर्देशक वलीले जानकारी दिए ।




'लोकेशन हन्टिङका लागि मसहित निर्माता र प्रोडक्सन डिजाइनर मेक्सिको जाने तयारीमा थियौं । तर, भिसा आएन । प्रदीपजीको भने भिसा एप्लाई नै गरेका थिएनौं,' उनले भने, 'भिसाका लागि फेरि समय खर्चिनुभन्दा त्यसको विकल्प खोजेका हौं । नेपालमा र फिलिपिन्समा छायांकन गरेर पनि मेक्सिको र ब्राजिलको महसुस गराउने छौं । कथालाई कुनै फरक नपर्ने गरी छायांकन गर्नेछौं ।'

केही हप्ता अगाडि निर्देशक वली, अभिनेता खड्का र निर्माता सुनिल विष्ट गौली लोकेशन हन्टिङका लागि फिलिपिन्स पुगेका थिए । जंगल र समुन्द्री टापुको छायांकन फिलिपिन्समा हुने बताइएको छ । महेश दवाडीको लेखन रहेको फिल्ममा सौरभ लामाको छायांकन र सम्राट बस्नेतको द्वन्द्व निर्देशन रहनेछ । नेपालीसँगै हिन्दी, अंग्रेजी र स्पेनिस गरी चार भाषामा फिल्मको निर्माण हुनेछ ।

# 'परस्त्री'को हिन्दी डब ट्रेलर रिलिज

काठमाडौं/आगामी असार १५ गतेबाट नेपाल र भारतमा एकसाथ प्रदर्शन हुन लागेको फिल्म 'परस्त्री'को हिन्दी डब ट्रेलर सार्वजनिक गरिएको छ । शनिबार भारतीय युट्युब च्यानल बीफोरयू म्यूजिकबाट सार्वजनिक ट्रेलरमा विवाहेत्तर सम्बन्ध (एक्स्ट्रा म्यारिटल अफेयर्स)ले निम्त्याएको पारिवारिक विग्रह र संकटको कथा प्रस्तुत छ । बिहीबार फिल्मको नेपाली भर्सनको ट्रेलर सार्वजनिक गरिएको थियो ।



नेपाली ट्रेलरलाई सकारात्मक प्रतिक्रिया मिलेको छ । खासगरी अभिनेत्री शिल्पा मास्केको बोल्ड सिनलाई लिएर चर्चा भैरहेको छ । हिन्दी डब ट्रेलरले पनि भारतीय दर्शकमा फिल्मप्रति कौतुहलता जगाउने विश्वास निर्माण टिमको छ । हिन्दी डबको क्रममा भारतीय वितरकहरुले मुकेश भट्ट (बलिउड निर्देशक) फ्लेवरको फिल्म बनेको भन्दै प्रशंसा गरेको निर्मात्री शर्मिला पाण्डेले बताएकी छन् ।

सुरज पाण्डेद्वारा निर्देशित फिल्मलाई सफल निर्देशक दीपेन्द्र के. खनालले लेखेका हुन् । फिल्ममा शिल्पाका अलावा कोशिश क्षेत्री, गौरव बिष्ट, एलिसा क्षेत्री, अशान्त शर्मा, गीत विष्ट, रामबाबु रेग्मी, सरस्वती अधिकारी, अर्पित न्यौपानेको पनि अभिनय छ ।

डिएस डिजिटलको ब्यानरमा निर्मित फिल्मलाई भारत रिलिजमा नेन्दी क्रियसनले सहयोग गर्दैछ । निरज कँडेल फिल्मका छायाँकार हुन् ।

# वेब सिरिजमा ४० करोड लिएका शाहिदले फिल्ममा बुझे २५ करोड

काठमाडौं/सन् २००९ देखि अभिनेता शाहिद कपूरको करिअर ओरालो लाग्न थालेको थियो । एकपछि अर्को फिल्म असफल भैरहेका थिए । तर, सन् २०१९ मा आएको फिल्म 'कबीर सिंह'ले उनलाई फेरि एकपटक उचाइँमा पुऱ्यायो । २०२२ मा आएको उनकै नयाँ फिल्म 'जर्सी' भने नराम्रोसँग डुब्यो । यसपछि उनले 'फर्जी' र 'ब्लडी डेडी' वेब सिरिजमा काम गरे । अब उनी फिल्म गर्ने तयारीमा छन् ।



उनको पाइपलाइनमा मलयालम निर्देशक रोशन एन्ड्र्यूजको एउटा एक्सन थ्रिलर फिल्म छ । जसमा उनको अपोजिटमा अभिनेत्री पूजा हेगडे देखिँदैछिन् । यो फिल्मका लागि उनले ठूलो स्केलमा पारिश्रमिक घटाएको बलिउड हंगामाले दाबी गरेको छ । 'ब्लडी डेडी'का लागि ४० करोड लिएका शाहिदले उक्त फिल्ममा २५ करोड बुझेका छन् । अर्थात् १५ करोड पारिश्रमिक घटाएका छन् ।

स्रोतको भनाई उद्धित गर्दै बलिउड हंगामाले लेखेको छ, 'वेब सिरिज 'फर्जी'को सफलता र अब 'ब्लडी डेडी'पछि शाहिदको ब्रान्ड भ्यालू निकै बढेको छ । यसका बावजूद पनि उनले पारिश्रमिकको मामिलामा मेकरलाई निराश बनाएका छैनन् । वेब सिरिजमा ४० करोड बुझेका उनले फिल्मका लागि १५ करोड घटाएका छन् ।' 'कबीर सिंह'को सफलतापछि फिल्ममा शाहिदको माग उच्च छ ।

# फेवा सिमसार पुरेर घडेरी, कृषि जमिनमा डुबानको डर

पोखरा/पोखरा महानगरपालिका २३, बिरिम कुनाका ६६ वर्षीय तोयानाथ पराजुली कुनैबेला घरछेउको खोलाबाटै डुंगा चढेर फेवाताल पुग्थे । खोलाको आकार ठूलो भएकाले डुंगा चढेर वारपार गर्नुपर्थ्यो ।

पराजुलीले ०५८ सालमा फेवातालको सीमांकन हुँदा तोकिएको क्षेत्रफलमा आफैं पिलर गाडेका थिए । तत्कालीन जिल्ला विकास समितिको सभापति पूण्यप्रसाद पौडेलको संयोजकत्वमा बनेको ताल सीमांकन समितिको प्रतिवेदनअनुसार उनले खम्बा गाड्ने जिम्मेवारी पाएका थिए ।

पराजुलीले त्यतिबेला मोरेचौताराबाट, चंखपुरसम्म पिलर गाड्ने जिम्मेवारी पाएका थिए । तर, त्यतिबेला आफूले गाडेको पिलर गायब भएको पराजुली बताउँछन् । 'मोरेचौताराबाट, चंखपुरसम्म गाडेको थिएँ । मोरफाँटसम्म ताल थियो । सिमेन्टका खम्बा गाड्दैगाड्दै हिँडेका थियौं । त्योभन्दा तल ताल र माथि आवादी भनियाथ्यो', पराजुली भन्छन्, 'अहिले केही तारसार त होलान् । तालै पुरिएपछि खम्बा त के बच्यो होला र ?'

०५८ सालमा पराजुलीले पिलर गाडेको ठाउँ अहिले माटोले भरिएको छ भने नजिकैका दलदले भूभाग (सिमसार क्षेत्र) घडेरी बनेका छन् । सिमसार क्षेत्रमा बाहिरबाट माटो ल्याएर पुरेर धमाधम संरचना ठडिइँदैछन् ।

'त्यतिबेला यहाँ (चंखपुर क्षेत्र) खेत रोप्ने, खनजोत हुने गर्दथ्यो । अहिले ताल पनि सारा पुरिँदै गयो । वरिपरिको डाँडाकाँडा जम्मै खनेर सकियो', पराजुली आक्रोश पोख्छन्, 'बर्खामा खनेको माटो जम्मै माटो फेवातालमा गएपछि पुरिँदैन त ?'

स्थानीय ५९ वर्षीय गुरुदत्त पराजुलीले आफूले हेर्दाहेर्दै फेवातालको आकार साँघुरिँदै गएको सुनाउँछन् । 'फेवाताल पुरियो, पहिलेको भन्दा धेरै पुरियो', भन्छन्, 'भएको, देखेको कुरा त हो भन्नुपर्छ । तर, यो अहिले पुरिएको होइन, पहिल्यैबाट पुरिँदै आएको हो ।'

घट्दै गएको ताल जोगाउन राज्य नै गम्भीर हुनुपर्ने स्थानीयको भनाइ छ । ताल मुहानमा जथाभावी डोजर चलाउने र बर्खामा त्यही माटो तालमा पुग्दा फेवा साँघुरिँदै गएको उनीहरु बताउँछन् ।

'पहिलेको फेवाताल त अब छैन । फेवाताल त गइसक्यो । बचाउन हामीले सक्दैनौं, अलि मै हुँ भन्नेहरुले सके', पराजुली भन्छन्, 'जहाँ माटो खनेको हो, त्यहीं सदुपयोग गरेर बल्ल फेवाताल जोगिने हो । डाँडाकाँडा पहिरो जाने गरी भत्काउने अनि फेवाताल पुरियो भनेर राज्यले औंलो ठड्याएर हुन्छ ?'

**सिमसारमा घडेरी, खेतीयोग्य जमिनमा डुबानको डर**

केही वर्षअघिसम्म लहलह धान झुल्ने फेवा मुहान सिमसार क्षेत्रमा अहिले धमाधम घडेरी बनिरहेका छन् । बाहिरबाट माटो ल्याएर सिमसार पुर्ने काम पछिल्लो एक वर्षयता उल्लेख्य रुपमा बढेको छ ।

सिमसार क्षेत्र धमाधम पुरिँदा खेतीयोग्य जमिन डुबानमा पर्ने खतरा बढेको स्थानीय कुलप्रसाद तिमिल्सिना सुनाउँछन् । उनको जग्गा वरिपरिको अन्य खेतमा माटो थोपरेर अग्लो बनाइदिएपछि अहिले उनी रनभुल्लमा छन् ।

'यहाँ मेरो भाइअंश परेको जग्गा छ । यता पुरिदिए, उता पुरिदिए । मैले पनि पुरम्, सिमसार क्षेत्र भनिदिएका छन् । कसैले आफ्नै जग्गामा घर बनाउन पाइएन भन्ने चिन्ता छ, कसैले नक्सा पास नै पाउँदैनन्', तिमिल्सिनाले भने, 'अब हामीले पनि आफ्नो जमिन नपुर्दासम्म खेती गर्न नसकिने स्थिति बन्यो ।' पोखराका फेवाताल सहित ९ वटाताललाई ०७२ सालमै अन्तर्राष्ट्रिय महत्वको रामसार सूचीमा सूचीकृत गरिएको थियो । संघीय सरकारले पनि ०७८ माघ महिनामा फेवातालको जलाधार क्षेत्रलाई संरक्षित क्षेत्र घोषणा गरेको थियो ।

तर, अन्तर्राष्ट्रिय महत्वको संरक्षित सिमसार क्षेत्रमै सूचीकृत फेवा जलाधार क्षेत्रलाई पोखरा महानगरले भू-उपयोग नीतिअनुसार आवास क्षेत्र तोकिदिएपछि अहिले सिमसार क्षेत्र धमाधम पुरिन थालेको हो ।

कृषियोग्य सिमसार क्षेत्रलाई महानगरले नै आवास क्षेत्र तोकिदिएपछि सक्नेले दिनदहाडै सिमसारमाथि डोजर कुदाइरहेका छन् भने कृषि प्रयोजनकै लागि प्रयोग गरिरहेका भने डुबान पर्ने डरले चिन्तित छन् ।

'पानीको निकासै नहुने गरी सबैतिर थुनिदिएपछि के खेती गर्न सकिन्छ र ? कि हामीले नि पुर्न पाउनुपऱ्यो कि सबैलाई रोक्नुपऱ्यो,' स्थानीय कुलप्रसाद तिमिल्सिनाले भने ।

महानगरले नै सिमसार क्षेत्रलाई आवास क्षेत्र तोकिदिएपछि जग्गा व्यवसायीहरुले स्थानीयलाई जग्गा पुरेर संरचना बनाउन मालपोतको कागजात नै देखाएर उक्साइरहेका छन् । जग्गा व्यवसायीले एउटा घडेरी पुरेको ४ देखि ५ लाख रुपैयाँसम्म लिएर सिमसार पुरिरहेको स्रोतको दाबी छ ।

स्थानीयका अनुसार पछिल्लो एक वर्षमा मात्रै सय रोपनी भन्दा बढी सिमसार क्षेत्र पुरिएको छ । 'पहिले पनि खनिन्थ्यो, नखनिने त होइन । तर, यो पछिल्लो एक वर्षमा धेरै पुरियो । जम्मै घरघडेरी बने', एक स्थानीयले अनलाइनखबर सँग भने, 'महानगरले नै आवास क्षेत्र बनाएपछि बढेको होला !'

फेवाताल सिमसार पुर्ने काम तीव्र रुपमा बढेर गएपछि अधिवक्ता मनोज घर्तीमगरले गत बुधबार उच्च अदालत पोखरा अदालतमा रिट दायर गरेका थिए ।

(स्रोत: अनलाइनखबर)

## थ्रीस्टार जोगियो, एपीएफ रेलिगेसनमा

काठमाडौं/बिक्रम लामाको निर्णायक गोलको सहयोगमा शनिबार जावलाखेल युथ क्लवमाथि १-० को रोमाञ्चक जित निकालेपछि थ्रीस्टार क्लब रेलिगेसनबाट जोगिएको छ ।

त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा सिजनको अन्तिम खेलमा थ्रीस्टारले जावलखेलमाथि संघर्षपूर्ण जित निकालेपछि ए डिभिजनमै आफ्नो स्थान सुरक्षित गरेको हो ।

बिक्रमले खेलको ८३ औं मिनेटमा पेनाल्टीमार्फत गोल गरेका थिए । जावलाखेलका प्रमिन श्रेष्ठले पेनाल्टी क्षेत्रमा बिक्रमलाई खराब ट्याकल गरेपछि प्राप्त पेनाल्टी अवसरलाई बिक्रमले नै गोलमा परिणत गर्दै टोलीलाई रेलिगेसनबाट बचाएका हुन् ।

थ्रीस्टार २६ खेलमा ३२ अंक जोड्दै नवौं स्थानमा उक्लिएको छ । थ्री स्टारको जितले विभागीय टोली एपीएफ क्लब भने रेलिगेसनमा परेको छ । २०६२ सालबाट ए डिभिजन लिग खेलिरहेको एपीएफ पहिलो पटक बी डिभिजनमा घटुवा भएको हो । जावलाखेलले २६ खेलमा ३७ अंक जोडेर चौथो स्थानमा रहँदै सिजनको अन्त्य गरेको छ ।

लिग अन्तर्गत शनिबार नै दशरथ रंगशालामा भएको खेलमा मच्छिन्द्रले एक गोलको अग्रता उल्टाएर मनाङलाई ३-१ गोलले पराजित गरेको छ । मच्छिन्द्रको जितमा आफिज ओलावाले दुई र विमल घर्ती मगरले एक-एक गोल गरे ।

मनाङका विजय श्रेष्ठले १६ औं मिनेट सुरुवाती अग्रता निकालेका थिए । खेलको ८० औं मिनेटमा ओलावालेले गोल गर्दै मच्छिन्द्रलाई १-१ गोलको बराबरीमा ल्याउँदा ८६ औं मिनेटमा विमलले गोल गर्दै मच्छिन्द्रको अग्रता उल्टाएका थिए ।

त्यसपछि खेलको इन्जुरी समयमा ओलावालेले व्यक्तिगत दोस्रो गोल गर्दै मच्छिन्द्रलाई ३-१ को जित दिलाए । यस जितसँगै लिगको उपविजेता मच्छिन्द्रले सिजनको सुखद् अन्त्य गरेको छ । मच्छिन्द्रले २६ खेलमा ४५ अंक जोड्यो । मनाङले २६ खेलमा ३२ अंक जोड्यो ।

शनिबारकै अर्को खेलमा संकटा र न्युरोड टिम एनआरटीले १-१ को बराबरी खेल्दै सिजनको अन्त्य गरेका छन् । पहिलो हाफको इन्जुरी समयमा नेलशन कोनफरले गोल गर्दै संकटालाई अग्रता दिलाएका थिए ।

तर, खेलको ८९ औं मिनेटमा बिक्रम धिमालले गोल गर्दै एनआरटीलाई १-१ गोलको बराबरीमा ल्याएसँगै खेल बराबरीमा टुङ्गिएको थियो । यस बराबरीसँगै संकटाले २६ खेलमा ३२ अंक जोडेको छ । एनआरटीले २७ खेलमा ३४ अंक जोड्दै सिजनको समापन गरेको छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

"तपाईं, हामी सबैको कुरा"


साझाकुरा

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा राष्ट्रिय दैनिक



वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।

www.sajhakuranews.com



**विद्यार्थीलाई साइकल:** मकवानपुरको मनहरी गाउँपालिकास्थित पशुपतिनाथ माविले एक घण्टा भन्दा बढी समय पैदलयात्रा गरी विद्यालय आउनुपर्ने कक्षा ६ देखि १० सम्मका एक सय १५ जनालाई साइकल बितरण गर्ने भएको छ । मनहरी-४ वडा कार्यालयले बिनियोजन गरेको १० लाख रुपैयाँमा एक सय १५ वटा साइकल खरिद गरिएको विद्यालयले जनाएको छ । विद्यालयले आइतबारसम्म सबै साइकल फिटिङको काम सकिएपछि बितरणको प्रक्रिया सुरु गर्ने बताएको छ ।

# दाहाल दम्पतीले किन गरे आत्महत्या ?

साझाकुरा संवाददाता

हेटौंडा, २७ जेठ/हेटौंडा उपमहानगरपालिका-१ चाईनाक्वाटरमा श्रीमानश्रीमतीले नै झुन्डिएर आत्माहत्या गरेको अवस्थामा भेटिएका छन् ।

७८ वर्षीय कृष्णप्रसाद दाहाल र निजकै श्रीमती ७४ वर्षीया नन्दकुमारी दाहालले चाइनाक्वाटर स्थित घरको तीन तलामाथि रहेको ट्रसले छाएको पूजाकोठामा झुण्डिएर आत्महत्या गरेका छन् । पूजाकोठामा अन्दाजी २ मिटरको फरकमा फलामको ट्रसमा धोती (गम्छा) को पासो लगाएर आत्माहत्या गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । घटनाबारे प्रहरीले अनुसन्धान गरिरहेको छ ।



मकवानपुरका प्रहरी प्रमुख प्रहरी उपरीक्षक बामदेव गौतमले आत्महत्या गर्नुको कारण खुल्न नसकेको बताए । घटनास्थल र छरछिमेकीको भनाईअनुसार दाहाल दम्पती धेरै मिल्ने गरेको गौतमले बताए ।

एकअर्काबीच असाध्यै प्रेम गर्ने गरेका दाहाल दम्पतीले आत्महत्या गरेको घटनाले धेरैलाई आश्चर्य र दुखित बनाएको पाइएको छ । उमेर ढल्किएसँगै शारीरिक अवस्थाले कमजोर भएपछि दम्पती दुवैले सँगै प्राण त्याग गर्ने चाहना बनाएको हुन सक्ने प्रहरीको प्रारम्भिक अनुसन्धानबाट देखिएको जनाइएको छ ।

'उहाँहरुबीच धेरै प्रेम रहेछ । कहिल्यै एकअर्काबीच छुट्टिएर बस्न नसक्ने र धेरै मिल्ने गरेको पाइएको छ । परिवारमा पनि कुनै विवाद वा आर्थिक समस्या नभएको देखिन्छ । अहिले नै कारण नदेखिए पनि एकैपटक प्राण त्याग गर्ने उहाँहरुको चाहना थियो की भन्ने देखिन्छ ।,' एसपी गौतमले भने । उनले अन्य घटनाहरुमा पनि दम्पतीबीच सँगै प्राण त्याग गर्ने चाहनाले आत्महत्या गर्ने गरेको बताए । परिवारमा सम्बन्ध राम्रै रहेको र स्वास्थ्य समस्या पनि नदेखिएको गौतम बताउँछन् ।

मृतक दम्पती कान्छो छोरा र बुहारीसँगै बस्दै आएका थिए । छोरा र बुहारीसँग पनि मृतक दाहाल दम्पतीको राम्रो सम्बन्ध रहेको प्रहरीले जनाएको छ । मकवानपुरमा विगत एक वर्षदेखि आत्महत्या गर्नेको संख्या बढेको बागमती प्रदेश प्रहरी कार्यालयले जानकारी दिएको छ ।

# साहित्यकार आरसी रिजालले दान गरे ५० हजार



साझाकुरा संवाददाता

हेटौंडा, २७ जेठ/ डा.गणेशकुमार पौडेल स्मृति हास्यव्यङ्ग्य सम्मान २०८० बाट मकवानपुरे हास्यव्यङ्ग्यकार आरसी रिजाल सम्मानित भएका छन् । शनिबार सिस्नुपानी नेपाल मकवानपुरले आयोजना गरेको स्मृति ग्रन्थ लोकार्पण सम्मान तथा र चनावाचन कार्यक्रममा रिजाललाई नगद २५ हजार १ राशि सहित सम्मान गरिएको हो ।

सिस्नुपानी नेपाल मकवानपुरका पूर्वअध्यक्ष तथा सल्लाहकार डा.गणेशकुमार पौडेलको वार्षिक पुण्यतिथिमा प्रदान गर्ने गरी पौडेलका परिवारले पुरस्कार तथा सम्मान स्थापना गरेको हो । सम्मानबाट प्राप्त नगद २५ हजार रुपैयाँ र व्यक्तिगत २५ हजार रुपैयाँ गरी नगद ५० हजार रुपैयाँ मकवानपुरे हास्यव्यङ्ग्यकार रिजालले सिस्नुपानी नेपाल मकवानपुरका कोषाध्यक्ष शुभद्रा हुमागाईलाई हस्तान्तरण गरेका छन् ।

सिस्नुपानी नेपाल मकवानपुरले स्थापना गरेको अक्षयकोषको लागि रिजालले नगद ५० हजार रुपैयाँ सहयोग गरेका हुन् । शनिबार सिस्नुपानी नेपाल मकवानपुरद्वारा प्रकाशक सिर्जना र सम्झनामा डा.गणेशकुमार पौडेल पुस्तक लोकार्पण भएको छ । सिस्नुपानी नेपाल मकवानपुरका अध्यक्ष राजकुमार लामिछानेको अध्यक्षतामा भएको कार्यक्रममा व्यङ्ग्यकार नरनाथ लुइटेलको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा सहभागी अतिथिहरुले पौडेलको तस्विरमा माल्यार्पण गरेका थिए । कार्यक्रममा कवि पुरुषोत्तम आचार्य, सबिता तिमल्सिना पौडेल, ओम भण्डारी, माधव भण्डारी 'रश्मि', सुवास सजल, प्रसन अर्याल, डीवी बर्तौला, स्वस्तिका दाहाललगायतले रचनावाचन गरेका थिए । सिस्नुपानी नेपाल मकवानपुरलाई सहयोग गर्ने हेटौंडा-४ का वडाध्यक्ष नवीन सिग्देल, महेन्द्र ओझा तथा विभिन्न व्यक्तिलाई प्रशंसापत्र प्रदान गरिएको थियो । कार्यक्रममा विभिन्न संघ संस्थाका प्रतिनिधि तथा साहित्यकारको उपस्थिति रहेको थियो ।

# संगमद्वारा ३ स्रष्टा सम्मानित



साझाकुरा संवाददाता

हेटौंडा, २७ जेठ/साहित्य संगम मकवानपुरले तुल्सी घिमिरे, साम्ब ढकाल र केदार न्यौपानेलाई सम्मानित गरेको छ ।

शनिबार वनस्खण्डीमा एक कार्यक्रमबीच साहित्य सर्जक तुल्सी घिमिरेलाई स्व. डाक्टर गणेशकुमार पौडेलद्वारा स्थापित शान्तिदेवी वनस्खण्डी स्मृति सम्मान २०८० र साम्ब ढकाललाई गोपालप्रसाद रिमाल स्मृति साहित्य सम्मान २०८० तथा मार्क्सवादी चिन्तक केदार न्यौपानेलाई श्यामप्रसाद शर्मा स्मृति सम्मान २०८० द्वारा सम्मानित गरिएको हो ।

कार्यक्रममा संगमका कोषाध्यक्ष मनोज पोखरेलले सम्मानित व्यक्तित्वबारे चर्चा गरेका थिए । यस्तै सर्जकहरु पुरुषोत्तम आचार्यले श्यामप्रसाद शर्मा, सुवास खनालले गोपालप्रसाद रिमाल र आरसी रिजालले गणेशकुमार पौडेलका योगदान तथा सिर्जनाले समाजमा पारेको प्रभावबारे चर्चा गरे । कम्युनिष्ट राजनीतिमा सक्रिय भई जेल जीवन बिताउनु भएका केदार न्यौपानेले जनवादी गीतहरु रचना गरेका छन् ।

सर्जकहरु तुल्सी घिमिरे गीत तथा कविता लेखनमा सक्रिय सर्जक हुन् भने शाम्ब ढकाल कविता लेखनमा सक्रिय सर्जक हुन् । साहित्यिक कार्यक्रममा उपस्थिति, विचार विमर्श, लेखन तथा वाचन आदिमा सक्रिय सर्जकत्रयका सिर्जना संग्रहित पुस्तकहरु समेत प्रकाशन भएका छन् । साहित्यकार गोपाल प्रसाद रिमालको जन्म जयन्तीको अवसरमा आयोजित कार्यक्रममा संगमका सदस्य सुनिल गौतमले स्वागत गरेका थिए । कार्यक्रम संगमकी अध्यक्ष अनिता न्यौपानेको सभाध्यक्षता, हास्यव्यङ्ग्यकार नरनाथ लुइँटेलको प्रमुख आतिथ्यता र हेटौंडा उपमहानगरपालिका ४ नं. वडाध्यक्ष नवीन सिग्देलको विशिष्ट आतिथ्यतामा सम्पन्न भएको हो ।

मन्तव्यका क्रममा वडाध्यक्ष सिग्देलले कला, साहित्य, महिला उद्यमी, विज्ञान शैक्षिक सामग्री प्रदर्शनीलगायतका कार्यमा आफू निरन्तर लागिरहेको र नयाँ पुस्तामा सिर्जनाका, कलाकौशलका सीप विकास गराउनमा आफू सर्जकहरुसँग सँधै साथसाथ रहेको र रहिरहने बताए । साहित्य सर्जक, सामाजिक व्यक्तित्व, साहित्यसेवी आदि उपस्थित रहेको सो कार्यक्रम संगमका सचिव डिबी बर्तौलाले सहजीकरण गरेका थिए ।

# प्रेस चौतारी मकवानपुरको साधारणसभा, दुई जना पुरस्कृत

साझाकुरा संवाददाता

हेटौंडा, २७ जेठ/प्रेस चौतारी नेपाल मकवापुर शाखाको साधारणसभा शनिवार हेटौंडामा भएको छ । साधारणसभाको अबसरमा दुई जना क्रियाशील पत्रकारलाई सम्मान गरिएको छ ।

प्रेमनाथ चौलागाईं स्मृति पत्रकारिता पुरस्कारबाट उज्वल अधिकारी र सृजनशील पत्रकारिता पुरस्कारबाट निशा गुरुङ नगदसहित पुरस्कृत भएका छन् । साधारणसभाका प्रमुख अतिथि बागमती प्रदेशका प्रथम मख्यमन्त्री डोरमणि पौडेल र प्रेस चौतारीका महासचिव हीरामान लामालगायतले अधिकारी र गुरुङलाई पुरस्कार हस्तान्तरण गरेका थिए । पूर्वमुख्यमन्त्री पौडेलले वर्तमान गठबन्धन सरकारले जनताको भावना विपरित काम गरिरहेको भन्दै नराम्रा कामको पत्रकारले भण्डाफोर गर्नुपर्ने बताए । प्रदेश तहमा आफू मुख्यमन्त्री हुँदा सातवटा मन्त्रालय भएपनि १४ वटा मन्त्रालय थप्दा आम नागरिकले प्रदेश सरकारप्रति हेर्ने दृष्टिकोण समेत नराम्रो भएको बताए ।




कार्यक्रममा प्रेस चौतारी नेपालका महासचिव लामाले पत्रकार महासंघले शुद्धिकरणका नाममा क्रियाशील पत्रकारलाई हटाएमा आफूहरु आन्दोलनमा उत्रन बाध्य हुने बताए । साधारणसभाको बन्दसत्रले प्रेस चौतारी मकवानपुरको रिक्त पदमा पदपूर्ति पनि गरेको छ । संगठनको उपाध्यक्षमा सुनिता विष्ट, सहसचिवमा मनिता राना, सदस्यहरुमा अशोक बजगाई, स्मिता अर्याल, भुवन थापामगर र अम्बिका बस्नेत चयन भएका छन् । बन्दसत्र कार्यक्रममा एमाले मकवानपुरका अध्यक्ष एकालाल श्रेष्ठसहित प्रेस चौतारी नेपालका नेताहरुले संम्बोधन गरेका थिए ।

साधारणसभामा प्रेस चौतारी नेपालका सचिव विष्णु तारुके, प्रेस चौतारी नेपाल बागमती प्रदेशका अध्यक्ष शरद सापकोटा, प्रेस चौतारी नेपालका केन्द्रीय सदस्य तथा मकवानपुर इन्चार्ज हरि हुमागाई, नेकपा एमाले मकवानपुरका सचिव तथा हेटौंडा-४ का वडाअध्यक्ष नवीन सिग्देल, पत्रकार महासंघ बागमतीका निवर्तमान अध्यक्ष प्रताप विष्ट, पत्रकार महासंघ मकवानपुरका अध्यक्ष मणिराज गौतम, प्रेस युनियन मकवानपुरका अध्यक्ष सुवास विडारी, प्रेस सेन्टर मकवानपुरका उपाध्यक्ष राजकुमार केसी, स्वतन्त्र पत्रकार संगठन मकवानपुरका अध्यक्ष गोकुल अधिकारीलगायतले शुभकामना व्यक्त गरेका थिए ।

# दाङमा बाघको छाला र हड्डीसहित ४ जना पक्राउ

दाङ/दाङको बाघको छाला र हड्डीसहित चार जना पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा राजपुर गाउँपालिका-७ का ३१ वर्षीय वीर बहादुर पुन, सोही ठाउँका ४० बर्षीय आशाराम बिक, २५ बर्षीय देवबहादुर बिक र रोल्पा माडी गाउँपालिका-३ का २८ बर्षीय अमलाल घर्ती मगर रहेका छन् ।

पूर्व-पश्चिम राजमार्ग अन्तर्गत लमही नगरपालिका- ९ को अमिलियामा बा २० प ९०७२ नम्बर को मोटरसाइकल खानतलासी गर्ने क्रममा शुक्रबार बिहान ११ बजे पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय दाङका डीएसपी राजनकुमार गौतमले जानकारी दिए ।

पक्राउ परेकाहरुबाट ९ फिट ६ इन्च लामो र ५ फिट १० इन्च चौडाइ भएको बाघको छाला र १४१ वटा हड्डी (८ किलो ४३० ग्राम) बरामद गरिएको डीएसपी गौतमले बताए ।

पक्राउ परेकाहरुमाथि थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

**घर जग्गा बिक्रीमा**

हेटौंडा-४, हुप्रचौरमा रहेको ४ कोठे घर सहितको ९ धुर जग्गा बिक्रीमा रहेकोले खरिद गर्न इच्छुकले तुरुन्त सम्पर्क गर्नुहोला ।

**सम्पर्क नं. : ९८५१०४०५३५**

## नि:शुल्क तालिम सम्बन्धी सूचना

*सूचना प्रकाशित मिति : २०८०।०२।२७*

वैदेशिक रोजगार बोर्डको सचिवालय, बबरमहल, काठमाडौंको वित्तिय सहयोगमा यस एलायन्स नेपाल संस्थाबाट तपशिलका विषय र स्थानमा नि:शुल्क सीप विकास तालिम संचालन हुने भएकोले वैदेशिक रोजगारबाट फर्किएर वा वैदेशिक रोजगारमा जान चाहने इच्छुक १८ वर्ष पूरा भई ४० वर्ष उमेर ननाघेको नेपाली नागरिकहरुलाई यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र यस संस्थाको सम्पर्क कार्यालय बकैया गाउँपालिका-४ जुरेलीमा नि:शुल्क आवेदन फारमपेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**सम्पर्क व्यक्ति/नम्बर** : माधव पौडेल (९८६६६१९६६)

**तपशिल**

| तालिम संचालन हुने विषय | तालिम अवधि (घण्टा) | तालिम संचालन हुने स्थान |
|---|---|---|
| मेसन | १६० घण्टा | बकैया गा.पा. क्षेत्र भित्र |

**नोट:** फारम पाउने स्थान : डिजिटल फोटो स्टुडियो, बकैया-४ जुरेली

**रेष्टुरेन्ट बिक्रीमा**

हेटौंडा-४, अजरअमर रोडमा चालु अवस्थामा रहेको रेष्टुरेन्ट विदेश जानु पर्ने भएकोले बिक्रीमा रहेको छ । खरिद गर्न इच्छुकले तुरुन्त सम्पर्क गर्नुहोला ।

**सम्पर्क नं. : ९८६८८८८६३८**

*"सुनमा शुद्धता डिजाइनमा आधुनिकता"*

**आधुनिक सुन चाँदी पसल**

हेटौंडा-२, पुरानो मकवानपुर रोड



हामीकहाँ आधुनिक डिजाइनका गर गहना बनाउनुका साथै खरिद बिक्री गरिन्छ ।

**प्रो. राजु सेन्चुरी**

सम्पर्क नं. :
९८४५५३०५६३, ९८१५२२४३४३

## आवश्यकता

यस **साझाकुरा राष्ट्रिय दैनिक**का लागि निम्न अनुसार अनुभवी, सक्रिय र इमान्दार कर्मचारी आवश्यक भएकोले इच्छुक योग्यता पुगेका नेपाली नागरिकले निम्न ठेगानामा आवश्यक कागजातसहित सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| | |
|---|---|
| **पद** | : मार्केटिङ्ग म्यानेजर |
| **योग्यता** | : कक्षा १२ उत्तीर्ण |
| **कामको समय** | : विहान ११:०० बजदेखि साँझ ७:०० बजेसम्म । |
| **अनुभव** | : कम्तिमा १ वर्ष पत्रपत्रिकाको मार्केटिङ्गसम्बन्धी ज्ञान । |
| | : मोटरसाइकल चलाउन जान्ने, लाइसेन्स भएको |
| **तलब** | : आपसी समझदारीमा तय गरिने । |

साझाकुरा
www.sajhakuranews.com
हेटौंडा-१, साझाचोक, चौकीटोल
०५७-५२१११५, sajhakura@gmail.com

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना